السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, दोहाले आफ्नो सभाहलमा आज नेपाली श्रमिकहरुका लागि एक सचेतना कार्यक्रमको आयोजना गरेको छ। नेपालको राष्ट्रिय गान बजाएर सुरुवात गरिएको सो कार्यक्रमको पहिलो सत्रमा कतारको National Human Rights Committee का नेपाली समुदायका लागि कानूनी सल्लाहकार श्री हमिद खानले आफ्नो प्रस्तुतिमार्फत् कतारमा रहँदा पालना गर्नुपर्ने नियम, कानूनका बारे जानकारी दिँदै कतार बसाइका क्रममा आइपर्नसक्ने सम्भावित जोखिमहरुका बारे सहभागीहरुलाई सचेत गराउनुभएको थियो। सोपश्चात् राजदूतावासका श्रम काउन्सेलर श्रीमती सीता दुवाडीले नेपालको श्रम कानून, श्रम स्वीकृति प्रकृया तथा सामाजिक सुरक्षामा जोडिँदा लिन सकिने लाभहरुका बारे चर्चा गर्नुभएको थियो। साथै, राजदूतावासका द्वितीय सचिव सुश्री स्मारीका सुवेदीले राजदूतावासबाट प्रदान गरिने राहदानी तथा कन्सुलर सम्बन्धी विभिन्न किसिमका सेवाबारे जानकारी दिँदै सहभागीहरुसँग अन्तरक्रिया गर्नुभएको थियो।

कार्यक्रमको दोस्रो सत्रमा कतारस्थित हिमाल रेमिटका प्रतिनिधि श्री बेनु प्रसाद तिम्सिनाले बैंकिङ्ग तथा रेमिटेन्स सचेतना अन्तर्गत औपचारिक माध्यमबाट रेमिटेन्स पठाउँदाका फाइदा तथा अनौपचारिक माध्यम प्रयोग गर्दाका जोखिमका बारे चर्चा गर्नुभएको थियो। त्यसैगरी श्री बिमल सुवेदीले आफ्नो कार्यस्थलमा अवलम्बन गर्नुपर्ने व्यावसायिक स्वास्थ्य र सुरक्षासम्बन्धी आधारभूत तथा महत्वपूर्ण जानकारी प्रदान गर्नुभयो। सोपश्चात् श्रीमती श्रद्धा कटुवालले श्रमिकहरुलाई आफू स्वस्थ रहन योग साधनाको महत्वबारे उजागर गर्दै सहभागीहरुलाई केही योग अभ्यास गराउनुभएको थियो।

कार्यक्रमको समापन गर्दै कार्यवाहक राजदूत श्री कुमार राईले नेपाली कामदारहरुलाई आफ्नो कार्यक्षेत्रमा रहँदा समस्या आइपरेमा नेपाली राजदूतावासको ढोका सधैं खुला रहेको र आजको कार्यक्रमले उपस्थित सबैलाई कुनै न कुनै तवरले आफू कतारमा रहँदा आवश्यक पर्ने नीतिगत, कानूनी तथा व्यवहारिक ज्ञान तथा जानकारी प्राप्त भएको अपेक्षा राख्दै कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो। राजदूतावासका श्रम सहचारी श्री प्रेम प्रसाद पोखरेलद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रममा कतारमा कार्यरत एक सय नेपाली श्रमिक महिलाहरू र राजदूतावास परिवारको उपस्थिति रहेको थियो।

**२०८३ जेठ २२**
**नेपाली राजदूतावास**
**दोहा, कतार**

नेपाली राजदूतावास
दोहा

Phone: +974 44675681/83, Fax: +974 44675680, PO.Box No. 23002, Doha, Qatar
Website: www.qa.nepalembassy.gov.np, E-mail: eondoha@mofa.gov.np